स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता विपीन कार्कीले "ग्रीप ट्रक" सार्वजनिक गरेका छन्। उनीलगायतको लाइट कम्पनी लाइट वेन्डर्सले तीनवटा ग्रीप ट्रक भित्र्याएको छ, त्यही ट्रक विपीनले सार्वजनिक गरेका हुन्। "ग्रीप ट्रक" अहिलेसम्म बलिउडमा पनि पूर्ण रुपमा प्रयोगमा आइसकेको छैन। "ग्रीप ट्रक" हलिउडले भने प्रयोग गर्दै आएको छ। "यो ट्रकभित्र आफूसँग भएअनुसारको सामान राख्न न्याक बनाइन्छ।

आजको विचार...



धर्मेन्द्र झा

बीपीको...
(दुई पेजमा)

"दाम्भी" निर्देशक रुपेश तामाङको नयाँ फिल्म "एक्का तीन"मा कलाकारको "लाइनअप" बलियो बनेको छ। पूजा शर्मा र पुष्प खड्का अनुबन्धित भइसकेको यस फिल्ममा अब अभिनेत्री कविता नेपाली भित्रिएकी छन्। उनीसँग सोमबार निर्देशक तामाङले लिखित सम्झौता गरेका हुन्। सोमबार उनको जन्मदिन पनि परेको थियो। निर्देशक तामाङले "एक्का तीन" एक्सन जनरामा बन्ने भएकाले कविताको एक्सन पनि दर्शकले रुचाएका कारण फिल्ममा अनुबन्धित गरिएको जानकारी दिए।



❐ वर्ष ३२ ❐ अंक ७ ❐ २०८३ साउन ७ गते बिहीबार 23 July 2026, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### शक्तिशाली आँधीका कारण १३ जनाको मृत्यु

(रासस/एएफपी)

**सान्टियागो (चिली),** साउन ६/चिलीमा भारी वर्षाका कारण आएको आँधीमा परी कम्तिमा १३ जनाको मृत्यु भएको जनाइएको छ । आँधीका कारण करीव ६० हजार किलो मिटर भन्दा बढी सडकहरू प्रभावित भएको जनाउँदै सरकारी अधिकारीहरूले राहत तथा उद्धार प्रयास मार्फत आधारभूत सेवाहरू पुनर्स्थापना गर्नमा ध्यान केन्द्रित गरेको उल्लेख गरेका छन् । गत जुलाई -१५ मा देशको दक्षिणी भागबाट सुरु भएको आँधीले कोकिम्बो र अटाकामाको सामान्यतया सुक्खा क्षेत्रहरूमा प्रहार गरेको जनाइएको छ । चिलीको सेनाप्रेड राष्ट्रिय आपतकालीन सेवाका निर्देशक एलिसिया सेब्रियनले पत्रकारहरुसँगको साक्षातकारमा १३ जनाको मृत्यु भएको पुष्टि गर्दै सात जना बेपत्ता भएको बताएका छन् । वर्षाका कारण करिब दुई हजार ८०० घरहरू क्षतिग्रस्त भएको तथा पानी र हिलो माटोले अवरुद्ध भएका नदी र सडकहरूले धेरै सहरहरू प्रभावित भएको चिली सरकारले जनाएको छ । प्रत्यक्ष दर्शी तथा प्रभावितहरुले आँधीले आपतकालिन अवस्था सिर्जना गरेको बताएका छन् ।

# बीपीको सम्झनामा वृक्षरोपण

***वास्तवमा रुख हरियालीको प्रतिक मात्र होइन, यो जीवन, आशा र भविष्यको आधार पनि हो । जब कुनै महान व्यक्तित्वको सम्झनालाई वृक्षरोपणसँग जोडिन्छ, त्यसले केवल सम्मान मात्र व्यक्त गर्दैन, भावी पुस्ताप्रतिको जिम्मेवारी पनि स्मरण गराउँछ । यही जिम्मेवारी र बीपीको प्रेरणालाई व्यवहारमा उतार्ने उद्देश्यका साथ नेपाली काँग्रेस पाल्पाले वृक्षरोपण गरेको छ ।***

**रामचन्द्र रायमाझी**

**पाल्पा,** साउन ६/ नेपालका प्रजातान्त्रिक आन्दोलनका अग्रणी नेता तथा पूर्वप्रधानमन्त्री विश्वेश्वरप्रसाद ( बीपी) कोइरालाले आनो राजनीतिक जीवनभर लोकतन्त्र, राष्ट्रिय एकता, मानव अधिकार र समाजवादको पक्षमा आवाज उठाए । उनका विचारले आज पनि नेपाली समाजलाई प्रेरित गरिरहेका छन् । वास्तवमा रुख हरियालीको प्रतिक मात्र होइन, यो जीवन, आशा र भविष्यको आधार पनि हो । जब कुनै महान व्यक्तित्वको सम्झनालाई वृक्षरोपणसँग जोडिन्छ, त्यसले केवल सम्मान मात्र व्यक्त गर्दैन, भावी पुस्ताप्रतिको जिम्मेवारी पनि स्मरण गराउँछ । यही जिम्मेवारी र बीपीको प्रेरणालाई व्यवहारमा उतार्ने उद्देश्यका साथ नेपाली काँग्रेस पाल्पाले ४४ औं बीपी स्मृति दिवसका अवसरमा जिल्लाको ऐतिहासिक तथा धार्मिकस्थल



तानसेन नगरपालिका -८ कोकलादेवी मन्दिर परिसरमा वृक्षरोपण गरेको छ । उसले वडा समितिको संयोजनमा त्यहाँ विभिन्न प्रजातिका सयौं विरुवा रोपेको हो ।

बीपी कोइरालाले अघि सारेका लोकतान्त्रिक मूल्य, सामाजिक न्याय तथा वातावरण संरक्षणप्रतिको जिम्मेवारीलाई आत्मसात् गर्ने उद्देश्यले वृक्षारोण रोपण गरिएको काँग्रेस जिल्ला सभापति हिमालदत्त श्रेष्ठले बताए ।

उनले वृक्षरोपणलाई केवल औपचारिक कार्यक्रम नभई वातावरण संरक्षण र सामाजिक उत्तरदायित्वसँग जोडिएको अभियानका रूपमा व्याख्या गर्नुपर्ने बताए । सभापति श्रेष्ठले जलवायु परिवर्तन, वन विनाश र बढ्दो प्रदूषणका कारण वातावरणीय संकट गहिरिँदै गएको अवस्थामा प्रत्येक नागरिकले कम्तीमा एक बिरुवा रोपेर त्यसको संरक्षण गर्ने संस्कार विकास गर्नुको साथै बीपीले देखाएको समृद्ध, लोकतान्त्रिक र जिम्मेवार समाजको परिकल्पना वातावरण संरक्षणबिनाको विकासबाट सम्भव छैन भन्ने सन्देश दिनको लागि पनि आफुहरुले ऐतिहासिक पर्यटकीय तथा धार्मिकस्थलमा आएर वृक्षारोपण गरिएको बताए । उनले रोपिएका बिरुवाको नियमित संरक्षण गर्ने प्रतिबद्धता पनि जनाए । वृक्षरोपणमा पुगेका पार्टीका निवर्तमान जिल्ला सभापति तथा लुम्बिनी प्रदेशका सांसद वीरबहादुर रानाले औपचारिक कार्यक्रमलाई सम्बोधन गर्दै बीपी कोइरालाले स्थापित गरेका प्रजातान्त्रिक आदर्श, राष्ट्रिय एकता र मानव अधिकारप्रतिको योगदानको स्मरण गर्दै कोइरालाको विचार आज पनि उत्तिकै सान्दर्भिक रहेको बताए । उनले वातावरण संरक्षणका लागि वृक्षरोपण मात्र नभई रोपिएका बिरुवाको संरक्षण र नियमित हेरचाहमा पनि सबैले ध्यान दिनुपर्नेमा जोड दिए । उनले वृक्षरोपण अभियानले वातावरण संरक्षण, हरियाली प्रवर्द्धन तथा भावी पुस्तालाई स्वच्छ वातावरण हस्तान्तरण गर्न सकारात्मक योगदान पुग्ने विश्वास समेत व्यक्त गरे । उनले बीपीको क्रान्तिदृष्टा, सिद्धान्तनिष्ठ र अटल राष्ट्रवादका कारण अहिले पनि जुनसुकै दल र विचारधाराका व्यक्तिहरु प्रभावित हुने गरेको भन्दै काँग्रेसबाट कोही पनि विचलित हुनुपर्ने अवस्था नरहेको बताए । नेता रानाले सिद्धान्त र विचार नभएका खहरे खोला जस्ता पार्टीहरु अहिले उदाय पनि काँग्रेस भने जिवन्त पार्टी भएकाले निर्धक्कका साथ पार्टीमा सक्रिय भएर लाग्न सबै नेता कार्यकर्ताहरुलाई आग्रह गरे । बीपी स्मृति दिवसका अवसरमा बुधबार काँग्रेस सहित भातृ तथा शुभेच्छुक संस्थाहरुले जिल्लामा विभिन्न कार्यक्रम गरेको पार्टी सचिव सन्तोष थापा मगरले जानकारी दिए । *(बाँकी अन्तिम पेजमा...)*




# आज पुष्पलाल स्मृति दिवस मनाइँदै

**पाल्पा,** साउन ६ / नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको स्मृति दिवस आज देश तथा विदेशमा विभिन्न कार्यक्रमको आयोजना गरी मनाइँदैछ । विभिन्न कम्युनिस्ट पार्टी र उनीहरूको भातृ संगठनले विभिन्न कार्यक्रमका साथ स्मृति दिवस मनाउन लागेका छन् ।

विसं २००६ मा भारतको कोलकतामा नेपाल कम्युनिस्ट पार्टीको स्थापना गर्दा पुष्पलालले सम्मुन्नत राष्ट्र निर्माण गर्ने र नेपाली जनताको वास्तविक मुक्तिको कार्यभार पूरा गर्ने लक्ष्य राखेका थिए । विसं १९८१ असारमा रामेछापको भंगेरीमा जन्मिएका पुष्पलाल वैचारिकरूपले सशक्त र आम नेपालीका लागि एक प्रेरणादायी नेताका रूपमा परिचित छन् । जनमतका हिसाबले ठूलो हिस्सा कम्युनिस्ट र वामपन्थी भएपछि विभिन्न टुक्रामा विभक्त हुँदा उनले देखेको सपना पूरा



हुन नसकेको गुनासो कायमै छ । संस्थापक महासचिव श्रेष्ठले नेपालको परिवर्तनका लागि प्रस्ताव गरेको कृषिक्रान्ति र गरिब एवं गरिखाने वर्गको मुक्तिको अभियान अझै पनि उत्तिकै महत्वपूर्ण रहेको कम्युनिस्ट पार्टीका नेता तथा कार्यकर्ताको भनाइ छ । *(बाँकी अन्तिम पेजमा...)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना

## सम्पादकीय

# बीपी र पुष्पलालको प्रेरणा

**नेपालको राजनीतिक इतिहासमा दुई महान् व्यक्तित्व– बीपी कोइराला र पुष्पलाल श्रेष्ठ–राष्ट्र, लोकतन्त्र, सामाजिक न्याय तथा जनहितप्रतिको आफ्नो समर्पणका कारण सधैं स्मरणीय छन् । विचारधारागत रूपमा फरक राजनीतिक धारमा रहे पनि दुवै नेताको साझा उद्देश्य नेपाली जनताको अधिकार, स्वतन्त्रता र समृद्ध नेपाल निर्माण थियो । आजको परिवर्तित राजनीतिक परिवेशमा उनीहरूका आदर्श र विचारलाई आत्मसात् गर्नु समयको आवश्यकता बनेको छ ।**

**हरेक वर्ष साउन ६ गते बीपी कोइरालालाई र साउन ७ गते पुष्पलाल श्रेष्ठलाई सम्झने गरिन्छ । यी दुई यस्ता व्यक्तित्व हुन्, जसले आफ्नो जीवनकालमा नेपालका दुई फरक राजनीतिक धारलाई नेतृत्व दिए । उनीहरूको निधनको लामो समयपछि पनि दुवै व्यक्तित्व नेपालको राजनीतिमा अत्यधिक चर्चामा छन् । उनीहरूका कृति पनि मान्छेले खोजीखोजी पढ्छन् । उनीहरूको मृत्युपछि पनि नेपाली राजनीति उनीहरूकै विचारबाट आजपर्यन्त अनुप्राणित एवम् ध्रुवीकृत छ । नेपाली कांग्रेसका संस्थापक बीपीलाई उनको पार्टीसहित प्रजातन्त्रप्रति आस्था राख्ने दल, समूह र व्यक्तिले आदर्श मान्छन् । अर्कोतर्फ नेपाल कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलाल नेपालको समग्र वाम आन्दोलनको आदर्श बनेका छन् । आज नेपालले राजनीतिक अस्थिरता, सुशासनको चुनौती, भ्रष्टाचार, बेरोजगारी र युवाको विदेश पलायनजस्ता गम्भीर समस्याहरू सामना गरिरहेको छ । यस्तो अवस्थामा बीपीको लोकतान्त्रिक मूल्य र पुष्पलालको सामाजिक न्यायको दृष्टिकोण दुवै उत्तिकै सान्दर्भिक देखिन्छन् । लोकतन्त्रलाई संस्थागत गर्दै विकासलाई समावेशी, न्यायपूर्ण र जनमुखी बनाउनु नै उनीहरूप्रति साँचो सम्मान हुनेछ । दुई नेताले विचारमा भिन्नता भए पनि राष्ट्रिय हितलाई सर्वोपरि राख्नुपर्ने सन्देश दिएका थिए । आज राजनीतिक दलहरूबीच संवाद, सहकार्य, सहिष्णुता र उत्तरदायित्वको संस्कृतिलाई बलियो बनाउनु उनीहरूको शिक्षाबाट लिन सकिने महत्वपूर्ण पाठ हो । व्यक्तिपूजा होइन, नीति, सिद्धान्त र जनसेवाको भावनालाई प्राथमिकता दिन सके मात्र लोकतन्त्र बलियो बन्न सक्छ । विशेष गरी युवापुस्तालाई बीपी र पुष्पलालका विचारलाई केवल स्मरण दिवसमा सीमित नराखी अध्ययन, बहस र व्यवहारमा उतार्न आवश्यक छ । इमानदार नेतृत्व, नैतिक राजनीति, सामाजिक उत्तरदायित्व र राष्ट्रप्रतिको समर्पणका मूल्यहरूलाई जीवनमा अपनाउन सके मात्र समृद्ध, न्यायपूर्ण र लोकतान्त्रिक नेपालको सपना साकार हुन सक्छ । अहिले बीपीको परिकल्पनाअनुसार न नेपाली कांग्रेस अघि बढ्न सकेको छ न पुष्पलालको सोचलाई नै मूर्तरुप दिन कम्युनिष्टहरु । बीपी कोइराला र पुष्पलाल श्रेष्ठ नेपाली राजनीतिक इतिहासका मात्र होइन, भविष्यका पनि प्रेरणाका स्रोत हुन् । उनीहरूका विचारलाई वर्तमान आवश्यकताअनुसार सिर्जनात्मक रूपमा आत्मसात् गर्दै लोकतन्त्र, सामाजिक न्याय, सुशासन र राष्ट्रिय एकतालाई सुदृढ बनाउनु हामी सबैको साझा दायित्व हो । उनीहरूको आदर्शलाई व्यवहारमा उतार्नु नै उनीहरूप्रति सच्चा श्रद्धाञ्जलि हुनेछ ।**

## Opinion @ Social Network

नियत सफा राख्नुहोस्,
अरू सबै कुरा समयको हातमा छ ।
*(ईश्वर खत्रीको फेसबुक स्टाटसबाट www.facebook.com/Ishwor.Khatri)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बीपीको सपना : समावेशी लोकतन्त्र समावेशी नेपाल



**धर्मेन्द्र झा**

*सोसलिस्ट इन्टरनेशनलसमेतलाई वैचारिक नेतृत्व प्रदान गर्ने हैसियत राख्ने बीपी विचार र दर्शनका आधारमा विद्यमान राजनीतिलाई गति दिनसक्ने तथा समयानुकुल मोडेर तार्किक निष्कर्षमा पुऱ्याउन सक्ने राजनेता थिए । समकालीन विश्व राजनीतिमा उनी यति प्रभावशाली मानिन्थे कि कुनै अमुक विषयमा बिपिको विचार के हुने भन्ने कुरा अन्तर्राष्ट्रिय जगतका लागि चासोको विषय हुने गर्दथ्यो । अद्भूत क्षमता र व्यवहार कुशलताका धनी बीपी अन्तर्राष्ट्रिय स्तरको राजनेताका रुपमा सुपरिचित हुन सके । निश्चय पनि नेपाल र नेपालीका लागि यो गौरवको विषय हो । आज उनै महामानवको ४४ औं स्मृति दिवस हो । यो आलेखमार्फत केही कुरा उनकै सन्दर्भमा यहाँ चर्चा गर्ने प्रयत्न गरिएको छ । नेपालको राजनीतिमा बीपी कोइराला एउटा युगद्रष्टा व्यक्तित्व प्रमाणित भएका छन् भनेर भनियो भने अतिशयोक्ति हुने छैन । उनले उन्नत र समृद्ध मुलुकको सपना देख्नेमात्र होइन, त्यसलाई कार्यान्वयन गर्ने परिकल्पनासहितको योजनाको खाका पनि बनाएका थिए । झण्डै १८ महिने उनको प्रधानमन्त्रीत्वकाल प्रजातान्त्रिक अभ्यासका लागि स्वर्णकाल मानिन्छ ।*

कुनै पनि विमति हुन सक्दैन, नेपाली काँग्रेसका संस्थापक नेता महामानव बीपी कोइराला काँग्रेसका मात्र नभएर समग्र लोकतान्त्रिक आन्दोलनका शिखर पुरुष थिए र रहनेछन् । उनी यथास्थितिवादी राजनीतिका एक यथास्थितिवादी नेता थिएनन, बरु देश, काल, परिस्थिति र अन्तर्राष्ट्रिय परिवेशअनुसार आफूलाई परिमार्जित गर्ने एक युगान्तकारी व्यक्तित्व थिए । सोसलिस्ट इन्टरनेशनलसमेतलाई वैचारिक नेतृत्व प्रदान गर्ने हैसियत राख्ने बीपी विचार र दर्शनका आधारमा विद्यमान राजनीतिलाई गति दिनसक्ने तथा समयानुकुल मोडेर तार्किक निष्कर्षमा पुऱ्याउन सक्ने राजनेता थिए । समकालीन विश्व राजनीतिमा उनी यति प्रभावशाली मानिन्थे कि कुनै अमुक विषयमा बिपिको विचार के हुने भन्ने कुरा अन्तर्राष्ट्रिय जगतका लागि चासोको विषय हुने गर्दथ्यो । अद्भूत क्षमता र व्यवहार कुशलताका धनी बीपी अन्तर्राष्ट्रिय स्तरको राजनेताका रुपमा सुपरिचित हुन सके । निश्चय पनि नेपाल र नेपालीका लागि यो गौरवको विषय हो । आज उनै महामानवको ४४ औं स्मृति दिवस हो । यो आलेखमार्फत केही कुरा उनकै सन्दर्भमा यहाँ चर्चा गर्ने प्रयत्न गरिएको छ । नेपालको राजनीतिमा बीपी कोइराला एउटा युगद्रष्टा व्यक्तित्व प्रमाणित भएका छन् भनेर भनियो भने अतिशयोक्ति हुने छैन । उनले उन्नत र समृद्ध मुलुकको सपना देख्नेमात्र होइन, त्यसलाई कार्यान्वयन गर्ने परिकल्पनासहितको योजनाको खाका पनि बनाएका थिए । झण्डै १८ महिने उनको प्रधानमन्त्रीत्वकाल प्रजातान्त्रिक अभ्यासका लागि स्वर्णकाल मानिन्छ । यो अवधि देशको आधुनिकीकरण अनि विकासको दिशामा एउटा प्रस्थानबिन्दु मात्रै थिएन,बरु त्यो प्रस्ट दृष्टिकोण र दूरदृष्टिपूर्ण राजनीतिको एउटा सुरुआत पनि थियो भन्दा अस्वभाविक हुँदैन । विश्व समाजवादी आन्दोलनका एक प्रखर नेता बीपीको नेतृत्वमा नेपालमा समाजवादको मौलिकीकरणको गर्भरचना हुन सकेको थियो र देशको एउटा भविष्यरेखा कोरिएको थियो । आज नेपालको विकासको खाका बीपीकै चिन्तनमा आधारित छ भन्दा असङ्गत ठहर्दैन् । आज देशमा 'समावेशीकरण'को निकै चर्चा हुने गरेको छ । आज देशको प्रधानमन्त्री नै मधेशी समुदाय अर्थात समावेशीकरण समूहबाट हुने अवस्थाको सिर्जना भएको छ । यो अलग कुरा हो, समावेशी समूहबाट प्रधानमन्त्री बन्ने बीपीको पार्टी नेपाली काँग्रेस स्वयंले भने प्राप्त गर्न सकेन तर, देशमा समावेशीको अवधारणाले सार्थक अर्थ प्राप्त गर्न सकेको भने बीपीकै कारणले हो भन्दा गलत नठहरिएला । उनले जनताकेन्द्रित राजनीतिका आधारमा नेपाली समाज र भूगोललाई जोड्ने कालजयी प्रयास गरेका थिए । राजनीतिलाई नयाँ अर्थ प्रदान गर्ने सन्दर्भमा वहिष्करणमा परेका जात, समुदाय र भुगोललाई राज्यको मूलधारमा प्रवाहीकरण गर्ने अवधारणा कार्यान्वयनको प्रयास उनैले थालेका हुन् । आज समावेशीका नाममा राजनीति गर्नेले बुझ्नु जरुरी छ, बीपीले उतिबेलै समावेशी सिद्धान्तको प्रतिपादन मात्र होइन कार्यान्वयन नै गरेका थिए र राष्ट्र निर्माणको प्रक्रियालाई सही दिशामा डोर्याउने प्रयत्न गरेका थिए । आज समावेशीकरणको कुरा जति भएको छ, त्यसको आधार बीपीले २०१५ सालमै खडा गरेका हुन भनेर भन्नु असंगत हुँदैन । उनको मन्त्रिमण्डल र उनको प्रधानमन्त्रित्वकालमा भएका विभिन्न नियुक्तिहरु हेर्दा देशको सबै भूगोल, जातजाति, वर्ग समुदायको प्रतिनिधित्व भएको पाइन्छ । बीपीले समावेशीकरणसम्बन्धी अवधारणा कार्यान्वयनलाई सामाजिक न्याय स्थापनाको मार्गमा एक औजारका रुपमा प्रयोग गर्ने प्रयत्न गरेका थिए । उनीपछिका दिनमा यो अवधारणाको कार्यान्वयनले निरन्तरता प्राप्त गर्न सकेन । कतिसम्म भने उनकै पार्टीले पनि उनको अवधारणालाई महत्व दिएन, नेपाली कांग्रेस समाजवेशीकरणको अभियानबाट निकै टाढियो । अलिअलि भएको देखिए पनि ती नेताको निकटस्थको आरोपबाट मुक्त हुन सकेनन् । फलत: समावेशी अवधारणाका आधारमा लामो समयसम्म देशको कार्यकारी प्रमुख बन्नसक्ने अवस्थाको निर्माण हुन सकेन, यसका लागि निकै कुर्नुपर्यो । बीपी चिन्तनको विश्लेषणका आधारमा भन्न सकिन्छ, उनको आधारभूत मानवीय मूल्य भनेको समानतामा आधारित सिद्धान्त थियो । यो अवस्था प्रजातान्त्रिक पद्धति र समाजवादबाट हासिल हुन्छ भन्ने कुरामा उनी दृढ विश्वस्त थिए । कुनै दुईमत छैन, बीपीको यही दृढता नै आजको नेपाली राजनीतिको मार्गदर्शनको सिद्धान्त हो । त्यो बेला नेपाली काँग्रेसले अख्तियार गरेका धेरै नीतिहरू काँग्रेसको गर्भसिद्धान्त अर्थात समाजवादी दर्शनका बिम्ब हुन् । राजनीतिक दृष्टिकोण र बदलिँदो विश्व राजनीतिका कारण राष्ट्रनिर्माणका लागि राष्ट्रिय एकताको आवश्यकता जहिले पनि पर्दछ । यही राष्ट्रिय एकताको निर्माण र प्रवर्द्धनका दिशामा समावेशी अवधारणा एक महत्वपूर्ण संयन्त्र हुनसक्छ भन्ने उनको स्पष्ट बुझाइ थियो । उनको विश्वास थियो, सामूहिक अभियानले नेपाली जनताको भावनात्मक एकताको संस्थागत आधार तयार पार्छ । समावेशी र वहुलवादी अवधारणा, सामूहिक भावनाको विकास गर्ने यस्तै संयन्त्र हुन भन्ने कुरामा शंका छैन । बीपीको सरकारले अंगिकार गरेको समाजवादी आर्थिक नीति, रणनीति र कार्ययोजनाहरुको विम्बात्मक तरिकाले विश्लेषण गरिएका खण्डमा उनले सामुहिक र समावेशी नीतिका आधारमा नै देशको विकासलाई गति दिन चाहेको देखिन्छ । यतिमात्र होइन उनले कोरेको विकासको खाका पनि समावेशीमैत्री रहेको स्पष्ट छ । उनले मधेशमा हुलाकी सडक र पहाड हिमालमा पहाडी मार्ग उत्तर दक्षिण सडक निर्माणमा जोड दिए । यसको अर्थ स्पष्ट थियो-बढीभन्दा बढी जनतालाई एकापसमा जोडिने अवसरको सिर्जना गरिनुपर्छ । नेपालका भूगोलहरु सहज ढंगले जोडिनुपर्छ । अल्पसंख्यक पनि देशका गहना हुन उनीहरुलाई पनि चम्किने अवसर प्राप्त हुनुपर्छ । आज प्रश्न उठ्न सक्छ, के बीपीको नीति आजको अवस्थामा सान्दर्भिक छ ? हो, नेपालमा उदारवादी राजनीतिको प्रणेता मानिने बीपी र नेपाली काँग्रेसको नीति आज पनि सान्दर्भिक छ । नेपाललगायत विश्वमा कट्टरपन्थले स्थान ओगटिरहेको अवस्थामा बीपीले अंगिकार गरेको नीतिको औचित्य छ ? हो, छ । देश आज सैंयतामा गएको छ । नयाँ संविधान संशोधनका सन्दर्भमा वहसपत्र निर्माणको अवस्था छ । हिजोका भन्दा फरक राजनीतिक अवस्था छ । राजनीतिमा नयाँ पात्र र विचारको उदय भएको छ । भूराजनीतिक अवस्था संवेदनशील छ । यस्तो अवस्थामा सायद नेपालको राजनीति र समग्र अवस्था हिजोको भन्दा जटिल छ । यस्तोमा उनले देखाएको बाटोको सान्दर्भिकता अझ बढेर गएको कुरामा दुई मत हुन सक्दैन । कुनैपनि देशको विकास प्रक्रियाको विश्लेषण गरिएका खण्डमा एउटा कुराको उपस्थिति समानरूपमा पाउन सकिन्छ, त्यो के भने त्यहाँका जनताले जबसम्म प्रक्रियामा स्वामित्व ग्रहण गर्दैनन् तबसम्म विकास सम्भव हुन सक्दैन र विकास प्रक्रियाप्रतिको स्वामित्व ग्रहण त्यसबेलासम्म हुन सक्दैन जबसम्म प्रक्रियामा सबैले आफू सहभागी भएको बोध गर्दैनन् । यो भावनाको विकास समावेशीकरणको अवधारणा कार्यान्वयनबाट मात्र हुन सक्छ भन्ने कुरा बीपीले बुझेका थिए । दुर्भाग्यवश उनले आफूले थालनी गरेका कार्यक्रम, योजना र नीतिहरुको कार्यान्वयन गर्न लामो समय पाउन सकेनन् । केही वर्ष उनले आृनो सोचअनुसार काम गर्न पाएको भए नेपालले पनि विश्वका बाँकी विकसित राष्ट्रले जस्तै विकासको गति समात्न सक्ने थियो । अन्त्यमा, नेपाली राजनीति षडयन्त्रको शिकार भयो, मुलुकले लामो समयसम्म सही बाटो पहिल्याउन सकेन । यसबीचमा नेपालले एकदलीय निरङकुशता, सशस्त्र द्वन्द्व, राजनीतिक अस्थिरता भोग्नुपऱ्यो । अहिले मुलुकमा लोकतन्त्र छ । नयाँ परिवेश छ । नयाँ नेतृत्व छ । गत भदौको जेनजी आन्दोलनपछि देश नयाँ ढंगले कोल्टे फेर्ने प्रयत्नमा छ । यस अवस्थामा बीपीका विचारहरु अझै सान्दर्भिक बन्न पुगेका छन् । अहिले सत्तामा रहेको दलले बीपीको विचारलाई नै आत्मसात गरेर आृनो निर्देशकीय सिद्धान्त तय गरेको स्पष्ट छ । आशा गरौं, बीपीको कालजयी विचारको इमानदारीपूर्वक अनुरशरण गरेर देश विकासलाई गति प्रदान गर्न सकिने वातावरणको निर्माण हुन सके यही नै बीपीप्रति सच्चा श्रद्धाञ्जली हुनेछ । ***(लेखक, राष्ट्रिय समाचार समिति र नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष हुन् ।)***

***-डिसी नेपाल डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सुरु गरेको काम बीचमै नछोड्नुहोस्। निर्णयमा विश्वास राख्दा राम्रो हुनेछ। | **तुला**: योजना बनाउने सोच आउन सक्छ। मनको कुरा खुला रूपमा भन्नु राम्रो हुनेछ। |
| **वृष** : घरमा योजना बन्न सक्छ। मिलेर काम गर्दा सबै कुरा सजिलै मिल्नेछ। | **वृश्चिक** : धैर्य राख्नु सबैभन्दा राम्रो हुनेछ। कुनै पनि निर्णय हतारमा नगर्नुहोस्। |
| **मिथुन** : नयाँ जानकारी पाउन सक्नुहुन्छ। काममा ध्यान दिँदा दिन राम्रो बित्नेछ। | **धनु** : नयाँ ठाउँ पुग्ने अवसर मिल्न सक्छ। घरमा खुसीको वातावरण रहनेछ। |
| **कर्कट** : परिवारसँग समय बिताउने अवसर मिल्नेछ। काम पूरा हुँदा मन ढुक्क हुनेछ। | **मकर** : रोकिएको काम अघि बढ्नेछ। खर्च गर्दा हिसाब राख्नु राम्रो हुनेछ। |
| **सिंह** : सहयोगको राम्रो प्रतिक्रिया पाउन सक्नुहुनेछ। थालेको काम पूरा गर्नुहोस्। | **कुम्भ** : साथीको सुझाव काम लाग्न सक्छ। नबोली काम गरेर देखाउनु राम्रो हुनेछ। |
| **कन्या** : शरीरलाई आराम दिनुहोस्। परिवारसँगको साथले मन रमाउनेछ। | **मीन** : कामलाई पहिलो प्राथमिकता दिनुहोस्। प्रयासले राम्रो नतिजा दिन सक्छ। |




कथा — बुद्धमणि ढकाल

# जल समाधी



ऊ हराएको खबर टाढा टाढासम्म पुगेको थियो । असम सध्याका उसका अन्तरे मामाले दुई चार महिना यता निकै अनौठा सपना देखिरहेका थिए । देख्नु मात्र होइन, एक दुई पटक निद्रामा उठेर घरबाहिर करेसाबारी घुमेका पनि । "सपना बिब्ल्याँटो छ," उनी भन्दै थिए । एउटा सपनामा दुई वर्ष अघि स्वर्गे भएकी उनकी आमा आइन् र भनिन् रे - तेरो भानिज टाढाको म्लेच्छ देशमा अप्ठ्यारोमा परेको छ । अशुभ खबर आउन सक्छ । ढुङ्गेल अन्तरेको मनको अस्थिरता बढ्यो । केही महिनाअघि मात्र नातिले खोलिदिएको उनको फेसबुकमा अलि बढी घोत्लिन थालेका छन् - चश्माको पावर मिलाउँदै । मुङ्सिरको धान काट्ने बेला । एउटा काग ढिस्कोको हात्तीपाइलेको रूखमा बसेर धेरै पटक करायो । ढुङ्गेल अन्तरेले चिने त्यो - तिहारमा रोटीको टुक्रो लिन त्यही काग आएको थियो । खोर्सानेको टुप्पोमा भएको टोड्कामा बच्चा कोरलेको यही काग हो भन्ने उनले ठम्याए । बेलुकाको धन्धा छिनेर खाटमा पल्टेपछि उनलाई झट्ट लामिछाने बूढाको याद आय ह सम्झे, जोखना हेराउन जानुपर्‍यो भोलि । नभन्दै, लामिछाने बूढाको जोखना र आमाले सपनामा भनेको कुरा कता कता मेल खायो । "ऊ निकै अप्ठ्यारो अवस्थामा छ - मनोरोगले सताएको र गहिरो अवसादले गाँजेको । योग ध्यानका उपायबाट ऊ त्यो विषाद निवृत्तिकरण खोजिरहेको छ । जल समाधिको बाटो रोज्न सक्छ ।" चेरोकी ब्लु रिभर ट्रेल नगर उपशाखाभरि खोजी काम भयो, नगर प्रहरीका तालिमप्राप्त कुकुरहरूको सहयतामा । सेस्कवाना खोलामा खसेको आशंकामा पानीभित्र समेत खोजी गरियो भन्छ प्रहरी । खोलो निकै गहिरो र पानी ज्यादै चीसो छ यो बेला । पानीमाथि तैरेको बरफ पग्लिसकेको छैन । सच्कावान भ्याली प्लेसमा रहेको उसको घरमा एक डेढ महिनादेखि मानिसहरू आवत-जावत गरिरहेका छन् । टाढा टाढाबाट आफन्तहरू, इष्टमित्र, भाइ-बन्धु र भूतपूर्व विद्यार्थीहरू गाडी, रेल, र हवाई जहाजको यात्रा गरेर उसको घरमा पुगेका छन् । घरभरि मसानघाट जस्तो सन्नाटा छ । अड्कल मात्र छ ऊ हराएको बारे । बूढा बा निन्याउरो अनुहारले एक कुनामा छन् । छोरा बुहारी र श्रीमती अर्को कुनामा अवाक् छन् । आउने जानेहरू खासखुस मात्र गर्छन् । अपत्यारिलो र उदेकलाग्दो छ ऊ हराएको घटना ! कसैलाई पत्याउन मन छैन । निकै प्रतिष्ठित र ओजस्वी व्यक्तित्व थियो उसको । सरकारी तहमा पनि राम्रै छवि बसालेको हो उसले । छोराछोरी बिहे भैसकेका - आ-आृना खुट्टामा स्वावलम्बन छन् । "के मलेन ?" "के को चोट पर्‍यो ? यस्ता मान्छे पनि मानसिक रोगी हुनसक्छन् ? " यी अनुत्तरित प्रश्न र शङ्का बग्रेल्ती छन् तर अव्यक्त । कसैले पनि यस्तै भयो भन्न सकेको छैन । आत्महत्याको निर्णय गर्छ नगरप्रहरीको अनुसन्धान इकाई । कसरी पत्याउने ? तीन महिना पछि पानीमा आधा तैरिएको र आधा डुबेको एक अस्थिपञ्जर फेला पारे मछुवाहरूले । पानीको बहावसँग त्यो बिस्तारै किनारतिर बगिरहेको थियो । प्रयोगशालामा अणुवांशिक अध्ययन भयो अस्थिपञ्जरको एक नमुना । त्यो अस्थिपञ्जर उसैको हो भन्ने किटानी भयो । फरेन्सिक जाँचले कुनै प्रकारले हत्या भएको प्रमाण देखाएन भनियो । टाशीदिङ गाउँको उत्तिसे पाखामा एउटा पुरानो घरको भग्नावशेष छ । ढुङ्गा माटोको गारो लगाएर बनेको यो तीनतले घर झन्नै अस्सी वर्ष अघि फेदप्पाबाट बसाइँ आएका धामी रिजालले बनाएका थिए रे । यस घरका बासिन्दा बसाइँ सरेर गएको बत्तीस वर्ष भयो, त्यसपछि यहाँ कोही बसेन । छानोका टिनका पाताहरू चोरी भएह गारो आधा लडेको छह पाती, आछामे र मान्द्रे झारको घारी पलाएको छ । गारोको एक भागमा लगाएको लाछी मात्र छानोसँगै बाँकी छ - स्याल, फ्याउरो, लंगुर बाँदर र लोखोको ओत लाग्ने ठाउँ । त्यस वर्षको पुष मसान्तदेखि यस भग्न घरमा अनौठा आवाज सुनिरहेका थिए गोठाला र बटुवाहरूले । मसान्त, औंसी पुर्ने र केही पर्वका बेला जनावर र मान्छेका मिश्रित आवाज सुनिन्थे यहाँ । रातभर कुकुर रोएको आवाज, बाखाका पाठाहरू माउ खोजेर कराएका, स्याल हुँइया पिट्दै गाउँ पसेको, बेला बेला सुँगुरका साना पाठाको चित्कार, यस्तै यस्तै उल्का लाग्ने खालका । उत्तिसे पाखाको थाप्लामा सानो पातलो गाउँ छ - राई, तामाङ र शेर्पाको मिश्रित बस्ती । त्यो भग्न घरको पुराना धनीलाई जान्ने चिन्ने मान्छेमा पर्छन् यो बस्तीका पिर्थे राई र काल्दन तामाङ । गाउँमा फैलिरहेको अलच्छिन आवाजबारे गाउँलेहरू चर्चा गरिरहेका छन् । पिर्थे राई आृनो अलि पाको अनुभवको आधारमा भन्छन् - "राम्रो जोखना हेराएर भूत-प्रेत, मसान मन्छाउनु पर्छ । यो घरको एक दिदीले तल खरीको रूखमा झुन्डिएर मरेको थियो, उसकै प्रेत आत्मा आएको होला ।" जोखना हेरे, प्रेत मन्छाउने विधि फलाके, टोड्के भीरको देवीथानमा मुन्धुम पूजा र चिन्ता गर्ने भए, कालो भाले र कालो बोको तयार पारे, खरीको रुखका फेदमा भाकल गर्ने ... । एक रात बसेको गुरुधाम चिन्तामा सोतेटारका बिजुवा माइलाले जोखना फलाके : यस घरको एउटा नाति कतै अपगति परेको छ । उसको काज-किरिया राम्रो भएको छैन । ऊ हेला भएको छ । कुनै खोला वा पोखरीको पानीमा उसको आत्मा छटपटी भएर डुबेको देखिन्छ । उसको नाममा धुपौरोमा घिउको धूप हालियो, केराको दाम्चामा बाती बालियो, पिठो मुछेर बनाएको तोर्मा र खोलाको सल्लीबिसल्ली राखेर मन्साइयो, त्यही भग्न घरछेउमा । बिजुवा माइला र पिर्थे कान्छाले कोइलामा धूप हाल्दै भने - आबोदेखि हामीलाई दु:ख दिन नआऊ । हामी तिम्लाई उधौली र उभौलीमा भाग लाइदिन्छ । दशैंको मार हान्ने दिन भोग चढाउँछम् । तिमेरु यो गाउँ छोडेर गएको चालिस वर्ष हुनलाग्यो । आबो एता नआऊ, तिमेरुको ठाउँमा थान्को लाग । उसको पैंतालिसको कार्जे सकेपछि श्रीमती चाहिं ससुराबासँग मन खुलाएर पोखिन पुगिन् । "बुहारी ! तिमीहरूको घरको कुरा मैले कसरी जानूँ ? लोग्ने स्वास्नीबीच के सल्लाह वा कच्पच छ, म कसरी थाहा पाऊँ ? छोराले पनि मलाई केही भनेन ।" ससुराले भने, "तर मेरो गुनासो रह्‍यो - मलाई किन कसैले पनि केहि कुरा भनेन ? के म त्यति टाढाको मान्छे भएँ त तिमीहरूका लागि ?" बुहारी भन्छिन्, "म अभागिनी रहिछु । छोरो जन्मेपछि धेरै समय मलाई छोडेर मेरा लोग्ने हराए । मैले हजुर सासू-ससुरालाई परचक्री ठानेको भा, मेरो जिन्दगी अर्कैतिर मोडिन जान्थ्यो होला । अहिले मैले छोरा बुहारीको मुख हेरेर पनि सबै कुरा हजुरसामु कहिन । हजुर आफै वृद्ध भैसक्नु भयोह मैले मेरा घरको गुनासो र कचकच पोखेर हजुरको मन अमिलो पार्न चाहन्नथें । फेरि बाबु, छोरा र ज्वाइँको कारोबारमा मैले किन नचाहिँदो हस्तक्षेप गरूँ ? यति चाहिं भनेको हो मैले - "पैसाको कारोबारमा धेरै नहौसिनु ।!" ससुरा - बेपार अथवा पैसा कमाउने कुनै कारोबार गर्न खोज्नु त निर्गतिलो काम होइन । मैले पनि उमेरमा बेपार गर्न थालेको थिएँ, बजारमा एउटा दोकान राखेर । त्यही सिको गरेको होला छोराले भनेर म ढुक्क भएको हुँ । तर मनको छटपटी यसरी गहिरिन्छ भन्ने बुझिनँ । फेरि यो नयाँ मुलुकमा पैसाको कारोबार म जान्दिनँ । बुहारी : लोग्नेमान्छेले कतिसम्म पेटमा कुरा लुकाएर बस्दो रहेछ, बल्ल बुझें । पचाउन सक्नेले त अप्ठ्यारो परिस्थिति सजिलै पार गर्दो होला । तर पचाउन नसकेर कुरा खेलाउँदै गुम्सिए पछि र खुलेर पोख्न नसक्दा, मनको औडाहा बढेको हुँदो रैछ । हुन त मैले पनि ती दिक्दारी र छटपटीलाई मिहिन गरेर बुझ्न सकिनछु क्यार । यसमा म हजुरहरूसँग क्षमा माग्छु । यसै पनि मनको गाँठो नफुकाएपछि, कसको के लाग्छ र ? अरूको पेटमा पस्न सकिने रहेनछ । ससुरा : भैगो ऊ त गैसक्यो, उसले त्यस्तै बाटो रोज्यो । तिमीहरू चाहिं पीर नलिईकन खुलस्त घर सल्लाह गर्नू र एक अर्कालाई रामरी बुझ्ने प्रयास गर्नू । मलाई टाढाको नसम्झिनू कहिले । एक दिन सध्याका उसका अन्तरे मामाले फेसबुक मेसेन्जरमा फोन गरे । श्रीमतीले उठाइन् । मामाले भने, "भान्जाले यता आउन खोजेका थिए तर मैले ६ महिनापछि आउँदा राम्रो हुन्छ भनेको थिएँ । अहिले मलाई पछुतो भयो । मैले भान्जाको तेह्र दिनमा एउटा गाई दान गरिदिएँ । उनको बास वैकुण्ठमा हुनेछ ।" वर्षदिनको काम सकेपछि उसकी श्रीमती चारधाम घुम्न निस्केकी - अझ फर्केकी छैनन् ।

***-साहित्यपोष्ट डटकम***

निबन्ध — रमेश सायन


# टुकुचाको किनारामा एक साँझ

*बादलमा आफ्नो अनुहार लुकाउन नसकेकोमा अहिले जुनलाई बढो पछुतो लागेको हुनुपर्छ । मेरो शरीरबाट आइरहेको सेक्सी एपेक्स पर्फ्युमको गन्धसमेत टुकुचाले खोसेर आफ्नो अमिलो गन्धमा मिसाइसकेको छ । मेरो नाकले यो फोहोरी टुकुचाको गन्धसँग एकोहोरो युद्ध गरिरहेको छ । काठमाडौंको सिङ्गो सभ्यता चोभारको छिँडीबाट ओरालो खसालेर टुकुचा ओरालैओरालो बग्छ । गंगाको किनारमा नभनिदियोस् हाम्रो काठमाडौंको मकाएको सभ्यता । उता कतै नसम्झियोस् काठमाडौंको आफ्नो पूर्वरूप । मैले मनमनै टुकुचालाई अनुरोध गरें । अहिले सहरको सडक मेरो हो भन्दै हिँड्नेहरूको संख्या विस्तारै खहरे खोलोको रूपमा अगडि आइरहेको छ । जसले टुकुचालाई गाली गर्ने सही समय सम्झेर गर्वका साथ धित मर्नेगरी गाली गरिरहेका छन् । जसका आँखाले मलाई समेत एकै शैलीमा मिसाएर आफ्नै लाइनमा उभ्याउन भ्याइसकेका छन् ।*

टुकुचा औधी धमिलो बगेको छ । म पुलैमाथि छु । सवारी साधनहरू, आफ्नो कडा हेडलाइटले मेरो अनुहार छामेर हतारमा दगुरिरहेका छन् । रात आफूलाई बैंशालु बनाउन हतारिरहेको छ । जसको प्रतिनिधित्व महानगरपालिकाले बन्ध्याकरण गरिदिएको भुस्याहा कुकुरको अन्तिम वंशले गरिरहेजस्तो लाग्छ । जुन घिनाउँदै टुकुचामा खसेको छ । बादलमा आफ्नो अनुहार लुकाउन नसकेकोमा अहिले जुनलाई बढो पछुतो लागेको हुनुपर्छ । मेरो शरीरबाट आइरहेको सेक्सी एपेक्स पर्फ्युमको गन्धसमेत टुकुचाले खोसेर आफ्नो अमिलो गन्धमा मिसाइसकेको छ । मेरो नाकले यो फोहोरी टुकुचाको गन्धसँग एकोहोरो युद्ध गरिरहेको छ । काठमाडौंको सिङ्गो सभ्यता चोभारको छिँडीबाट ओरालो खसालेर टुकुचा ओरालैओरालो बग्छ । गंगाको किनारमा नभनिदियोस् हाम्रो काठमाडौंको मकाएको सभ्यता । उता कतै नसम्झियोस् काठमाडौंको आफ्नो पूर्वरूप । मैले मनमनै टुकुचालाई अनुरोध गरे । अहिले सहरको सडक मेरो हो भन्दै हिँड्नेहरूको संख्या विस्तारै खहरे खोलोको रूपमा अगडि आइरहेको छ । जसले टुकुचालाई गाली गर्ने सही समय सम्झेर गर्वका साथ धित मर्नेगरी गाली गरिरहेका छन् । जसका आँखाले मलाई समेत एकै शैलीमा मिसाएर आृनै लाइनमा उभ्याउन भ्याइसकेका छन् । एउटा मान्छे खुट्टा लरखराउँदै मेरो अगाडि उभियो र लरबराएको आवाजमा मलाई भन्यो, "जीन्दगी रक्सी जस्तै स्वादिलो भैदिए दुनियाँले मेरो जिन्दगी पनि स्वादहरूको सूचीमा दर्ता गर्थे होलान् तर जिन्दगी सधैं पिइसकेको खाली सिसी जस्तो मात्र भइरहन्छ ।" रक्सी पिएको बेला कहाँबाट आउँछ यसरी जिन्दगीसँग गहिरिने दर्शन ? म गम खान्छु । किन बोल्नु यो मान्छेसँग ? म केही बोलिनँ । ऊ आफ्नै सुरमा बोलिरह्‍यो । म टुकुचामा गन्ध सुँघ्न उभिएको यो रातको यो पुलमा । ऊ टुकुचामा गन्ध मिसाउन आएको हो । कारण फरक छ । तर ऊ पनि म जाने बाटोतिरै लरखराउँदै अगाडि लाग्यो । म भन्दा निक्कै पाको उमेरको यो मान्छे, जीवनको पठशालामा म भन्दा अब्बल दर्जाको हुनुपर्छ । म अघि नै घर पुग्नुपर्ने मान्छे । साँझतिर बाल्मीकि क्याम्पसमा भेट भएका सबै कवि मित्रहरू घर पुगिसकेका हुनुपर्छ । म पनि घरै जान्छु भनेर हिँडेको थिएँ । बीचैमा टुकुचाको पुलमाथि उभिने रहर लाग्यो । रहरको अगाडि कसको के लाग्छ । यो रातमा यो पुलमाथि टोलाउनुको करण केही छैन । सरकारले सुरक्षा व्यवस्था राम्रै गरेको छ । महानगरपालिकाको प्रहरी बोकेको गाडी मेरो अगाडिबाट गयो । मलाई केही भनेन । यो लगभग दुई घण्टाको बीचमा त्यो रक्सी पिएको मान्छेबाहेक अरू कसैले पनि केही भनेको छैन सायद भन्नै पर्नेगरी असामान्य भएको छुइनँ, अहिलेसम्म । तर जरुर म अझै केहीबेर यसैगरी उभिरहें भने मलाई पुलिसले आफ्नै शैलीमा सोधपुछ गर्नेछ । झोला खनतलासी गर्नेछ र भर्खर पढिसकेको तर झोलाबाट निकालेर नथन्क्याएको लियो टल्सटायको सारै भद्दा र गज्याङमज्याङ पात्रहरूको लामो उपन्यास तर असाध्य सुन्दर 'वार एण्ड पिस' र लामा कविताहरूको सानो र सुन्दर किताब वैरागी काइँलाको 'अन्धामान्छे र हात्ती' भेट्नेछ । म यहाँ उभिनुको कारण सोध्नेछ । म कारणमा, टुकुचाको गन्ध र सहरको सभ्यता बुझ्न उभिएको हुँ भन्नेछु । सामुन्ने थोत्रा कपडा र पुराना बोराले आफ्नो शरीर छोपेर सडकको ल्यमपोष्टमुनि झोक्राई रहेको मेरै उमेर बराबरको जस्तो लाग्ने त्यो मान्छेकै हाराहारीमा मलाई बुझेर, पुलिसले चुपचाप छोडिदिनेछ । मलाई बेवास्ता गर्नेछ र कुनै केरकार गर्नेछैन । रातिको साढे दस बजेको छ । अब लगभग सडक सुनसान जस्तै भइसकेको छ । टुकुचाको किनारामा उभिएको घरको तेस्रो तलाको झ्याल खुल्यो मैले मान्छेको अनुहारै त देखिनँ तर एउटा प्लाष्टिकको पोको खस्यो र पानीमा आफ्नै लयको सङ्गीत बज्यो । त्यो प्लाष्टिकको पोको जुन र बिजुलीको उज्यालोमा मेरो आँखाको रेटिनाबाट टाढा बग्न नसकेर त्यतै किनारातिर अल्झी बस्यो । जसरी अल्झिएका छन्, स-साना सपनामा हामी नेपालीका लामा र पट्यार लाग्दा जिन्दगीका लाइनहरू । जसरी अल्झिएका छन् सरकारको हुटिट्याउँले आकाश थाम्ने उखानको योजना । म आफ्नै पारामा बगिरहेको छु । एकजना कवि मित्रको फोन आयो । मैले नढाँटी भनें "म टुकुचामा छु ।" उनले पनि नढाँटी भने, "म ठमेलमा छु ।" लगत्तै मलाई ठमेल आउने निम्तासँगै उनको रात्रिकालीन जीवनको ठेगाना दिए । तर मलाई घर जानु थियो । अब हल्लाखल्लामा मेरो मथिङ्गल बिथोल्नु थिएन, आउँदिन भनिदिएँ । टुकुचाको गन्धले मलाई एक तमासको तनाव दिइरहेको थियो । घरतिर लाग्दै गर्दा टाउकैमाथिको होडिङबोर्डले मेरो पैतला रोक्यो । हुन त यो सहरैभरि होडिङबोर्डै होडिङबोर्ड छ तर यो अमिता बच्चनको डाबर च्यावनप्रासको यो विज्ञापनिक बोर्डले मलाई लुते भइस् भनिरहेको जस्तो लाग्यो । मैले एकसरो आफ्नै आँखाले आँखाभन्दा मुनिको आफ्नो शरीर हेरेँ भ्याए । त्यसकै ठिक पारिपट्टी शाहरुख खानको फेयर एण्ड हेण्डसमको निक्कै ठूलो होडिङबोर्डले पनि मेरो कालो अनुहारलाई जिस्क्याएर भनिरहेझैं लाग्थ्यो, "सायन समयको पासा पल्टा तँलाई कसैले पत्याउँदै यो टुकुचाको किनारामा, अब गोरो हो, तेरी प्रेमिकाको योग तँलाई हैन तेरो छालालाई प्रेम गर्ने परेको छ ।" तर मैले यी कुनै विज्ञापनलाई टेरिनँ । खास वास्ता गर्न खोजिनँ र सरासर अगाडि लागें । यी मल्टिनेसनल कम्पनीले आफ्नो साम्राज्य कलिला टिनएजर्सदेखि पाकासम्म फैलाएका छन् । बलेसीदेखि चुलो र आँखाको नानीसम्म पुगेका छन् । हामी नेपालीलाई फकाइ-फकाइ आफ्नो व्यापारको शैली बोकेर यो सहरको छातिमा गर्वसाथ उभिएका छन् । लाग्छ यो टुकुचाको किनारमा समयको राजमार्ग आफ्नै गतिमा दौडन्छ । किनारामा सपनाहरू पनि सुकिलै उभिएका छन् । किनारमा एकाध फूलहरू पनि आफ्नै बैंशमा फुलेका छन् । यसको गन्ध नियमित जस्तो छ । बाह्रैमास एकै गन्ध हावाको पिठ्यूँ चढेर आकाशमा फैलन्छ । गन्धहरूको दर्शक नियमित नि:शुल्क आउँछन्/जान्छन् । पोहोर साल जन्मेको बालकले आमा भन्न जानेको छ । आफ्नै पैतलाले भूगोल छामेर उभिने कसरतमा छ । समयको टुँडिखेलमा बादशाहको शालिक नाघेर घोडाहरू आफ्नै दौडमा छन् । तर बिचरा यो टुकुचा कहिल्यै सुकिलो बग्न सकेन । छाति फुलाएर सहरको सभ्यातामा उभिन सकेन । घण्टाघर ठिक समयमा बाह्र बजाउँछ, कुखुरो ठिक समयमा बिउँझन्छ, चराहरू ठिक समयमा गुँड फर्कन्छन् । वसन्त सालै पिच्छै ठिक समयमा आइपुग्छ । ठिक समयमा मुनाहरू हाँगामा देखिन्छन् । सबै ठिकठाक दुरुस्त छ । गमलामा गुलाफको फूल आृनै गतिमा फुल्यो, फक्रियो, आफ्नै गतिमा ओइलियो र झर्‍यो ठिक समयमा आफ्नो बास्ना हावामा पठायो । म घर पुग्न लागेको छु तर टुकुचाको गन्धले रिङ्गटा लाग्ला जस्तो भइरहेको छ । टुकुचाको सभ्यताले बेसमारी मथिङ्गल बिथोलिरहेको छ । किन टुकुचा ठिक समयमा बिउँझन सक्दैन ? किन टुकुचा ठिक समयमा उठेर हिँड्न सक्दैन ? किन समयभन्दा पछाडि छ टुकुचाको सहरी सभ्यता ? किन टुकुचाको सङ्लिने धर्म बिथोलेर हामी शानसँग यो सहरको नाम जोडेर दौडन्छौं ? म अहिले फनफनी घुमिरहेको छु, टुकुचाको गन्धसँग । पानी, असिना र हिउँको पुर्खा वाफ हो । उकालोको पुर्खा ओरालो हो र ओरालोको पुर्खा उकालो हो । हिउँदको पुर्खा वर्षाद् र वर्षाद्को पुर्खा हिउँद हो । एकको पुर्खा शून्य र दुईको पुर्खा एक हो । म सम्झन्छु यो टुकुचाको गन्धको पुर्खा धरहराझैं उभिएको सहरको आधुनिक फोहोरी सभ्यता हो ।

***-समकालिन साहित्य डटकम***

# गड्यौला मल उत्पादनमा किसानहरु



**दाङ,** साउन ६/ सुलोचना शेर्पाको दैनिकी बदलिएको छ । गड्यौला मल उत्पादनमा लागेका कारण उनको दैनिकी बदलिएको हो । उनी पहिले ११ का जग्गामा कागती तथा तरकारीखेती गर्ने गर्थे । आजकाल भने गड्यौला मल उत्पादनमा व्यस्त छन् । तुलसीपुर उपमहानगरपालिका-१३ बखरियाकी ३४ वर्षीया सुलोचना शेर्पाले झन्डै १८ महिना अघि लिएको तालिम र कृषि भ्रमणले उनलाई रासायनिक मलको विकल्पमा गड्यौला मल बनाउन प्रेरित गऱ्यो ।

उनी भन्छन्, "यो मल उत्पादन भएपछि मैले अर्ग्यानिक तरकारी उत्पादन गर्ने काम गरीरहेकी छु ।" सुलोचना मात्र होइन, तुलसीपुर उपमहानगरपालिका क्षेत्रका धेरै किसानले गड्यौला मल उत्पादन गरिरहेका छन् । अर्ग्यानिक खेतीको नेतृत्व गरिरहेका तुलसीपुर १६ रत्नौंका विनोद चौधरी पनि गड्यौला मल बनाउनमै व्यस्त छन् । उनले बजारमा गड्यौलाको मूल्य र यसबाट बन्ने मलको राम्रो सम्भावना रहेको बताउन्छन् । हाल गड्यौला प्रतिकिलो रु १२ सयमा बिक्री हुने गरेको छ । यसबाट तयार पारिएको मल प्रतिकिलो रु ३० मा किनबेच हुन्छ । विनोदले पाँच कठ्ठामा अर्ग्यानिक खेती गरेका छन् । उनले गड्यौला, झोल तथा गोबर मलको प्रयोगलाई बढावा दिएका छन् । "म आफैँ पनि गड्यौला मल उत्पादन गर्ने गरेको छु", उनले भने, "त्यसबाटै पाँच कठ्ठामा तरकारीखेती गरेको छु ।" विगत १२ वर्षदेखि व्यावसायिक तरकारीखेती गर्दै आएका तुलसीपुर-११ मोतिपुरका दीपक चौधरीले लामो समय रासायनिक मल प्रयोग गरे । उनले पूर्ण प्रांगाारिक मल प्रयोग गरेर तरकारी फलाउन थालेका छन् । तरकारी खेतिबाटै वार्षिक रु चार लाखभन्दा बढी आम्दानी गर्छु भन्छन् । "स्थानीय स्रोतसाधन चिन्न र व्यवस्थापन गर्नसके आर्थिक लाभ र स्वरोजगार बन्न सकिन्छ ।" त्यस्तै, सोही ठाउँका अर्का किसान जुगराम चौधरीले पनि १५ केजी गड्यौलाको प्रयोग गरेर मल उत्पादन सुरु गरेका छन् । वार्षिक रु आठ लाखभन्दा बढी आम्दानी गर्ने उनी गड्यौला मलको प्रयोगले कृषि कर्म झनै बलियो बनेको बताउन्छन् । रत्नौंकी सुनिता चौधरीले आठ कठ्ठामा गरिरहेको अर्ग्यानिक खेतीमा गोठे मलसँगै गड्यौला मलको प्रयोग गर्ने गरेको बताइन् । वार्षिक रु पाँच लाखभन्दा आम्दानी गर्ने उहाँ अन्य किसानलाई गड्यौला मल र कम्पोष्ट मल बनाउन प्रेरणा दिँदै आएकी छन् । त्यस्तै तुलसीपुर उपमहानगरपालिका-१६ निवासी शोभा बस्नेतले व्यावसायिक आफ्नै लागि पाँच किलो गड्यौलाबाट मल तयार पारिरहेको बताइन् । गड्यौला मलको प्रयोगबाट उत्पादित तरकारी स्वस्थ र विषादीरहित भएकाले उनले आफ्नै लागि उक्त मल तयार गरेकी हुन् । विषादी प्रयोग गरिएको तरकारी हेर्दा चिल्लो देखिने तर अर्गानिक तरकारी त्यति चिल्लो नहुने हुँदा ग्राहकहरू झुक्किने गरेको तुलसीपुर-१६ रत्नौंका विनोद चौधरीले बताए । यद्यपि, माटो जोगाउन र गुणस्तरीय उत्पादनका लागि किसानमा उत्साह भने घटेको छैन । "देख्दा विषादी प्रयोग गरेको तरकारी चिल्लो देखिन्छ, प्रांगारिक मल प्रयोग गरेको तरकारी फुर्सो देखिन्छ", उनले भने "यसले गर्दा ग्राहकले किन्न हिच्किचाउने गरे पनि, विस्तारै बुझ्ने गर्नुहुन्छ ।" गड्यौला मलले माटोको स्वास्थ्य सुधार्ने, वातावरण जोगाउने र किसानको आर्थिक स्तर उकास्ने एउटा बलियो आधार बन्ने जिल्ला समन्वय समिति दाङका प्रमुख नित्यानन्द शर्माले बताए ।**-रासस**

## खेलकुद समाचार

# नेपाल नामिबियासँग ८ विकेटले पराजित



**काठमाडौं,** साउन ६/आईसीसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत नेदरल्यान्ड्समा चलिरहेको त्रिदेशीय शृङ्खलाको पहिलो खेलमा नेपाल नामिबियासँग ८ विकेटले पराजित भएको छ । खेलमा नेपालले दिएको १५८ रनको सामान्य लक्ष्य नामिबियाले ३७ ओभर ३ बलमा २ विकेट गुमाएर भेट्टायो । नामिबियाको जीतमा जान फ्राइलिंकले अविजित ७७ रन बनाए भने माइकल भान लिङ्गेनले ५१ रन बनाए । नेपालका लागि नन्दन यादव र कप्तान रोहित पौडेलले एक/एक विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको नेपाल ४६ ओभर ५ बलमा १५७ रनमा अलआउट भएको थियो । कप्तान रोहित पौडेलले सर्वाधिक ३१ रन बनाए भने दीपेन्द्रसिंह ऐरीले ३० रन जोडे । नेपाललाई सस्तैमा समेट्न नामिबियाका जेजे स्मिथले उत्कृष्ट बलिङ गर्दै ६ विकेट लिए । यो नतिजापछि लिग-२ अंकतालिकामा नेपाल र नामिबिया दुवैको २९ खेलबाट समान २४ अंक पुगेको छ । राम्रो नेट रनरेटका आधारमा नेपाल पाँचौं र नामिबिया छैटौं स्थानमा छन् । नेपालले आफ्नो दोस्रो खेल बिहीबार घरेलु टोली नेदरल्यान्ड्ससँग खेल्नेछ ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचकसँगै कारोबार रकम पनि घट्यो



**पाल्पा,** साउन ६/ दुई कारोबार दिन (सोमबार र मंगलबार) सकारात्मक देखिएको सेयर बजार बुधबार फेरि नकारात्मक देखिएको छ । यसदिन नेप्से परिसूचक १३.९५ अंकले घटेर २७१२.५४ विन्दुमा अडिएको छ।अघिल्लो दिन मंगलबार नेप्से परिसूचक ७.२५ प्रतिशतले वृद्धि भइ २७२६.४९ विन्दुमा पुगेको थियो ।

त्यसअघि सोमबार परिसूचक ४१.७० अंकले वृद्धि भएको थियो। सोमबार ५ अर्ब ५१ करोड मूल्य बराबरको सेयर कारोबार भएकोमा मंगलबार ६ अर्ब ६७ करोडको कारोबार भएको थियो । यसदिन नेप्से घटेसँगै कारोबार रकममा पनि मंगलबारको तुलनामा कमी आएको छ । ३४६ वटा स्क्रिप्सको १ करोड १३ लाख ६२ हजार ४६५ कित्ता सेयर ५ अर्ब १८ करोड ७४ लाख ६७ हजार ७३ रुपैयाँमा खरिदबिक्री भए । एभरेष्ट कलर लिमिटेडको सेयर १४.९९ प्रतिशतले बढ्दा बंगल हाइड्रोपावरको १०.५० र साल्पा विकास बैंकको ५.९२ प्रतिशतले बढ्यो। कारोबार रकमका आधारमा रिडी पावर कम्पनी शीर्षस्थानमा रह्यो। सो कम्पनीले ४२ करोड मूल्य बराबरको कारोबार गर्यो।एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्टले २८ करोडको सेयर कारोबार गर्दा रिलायन्स स्पिनिङ्स मिल्सले २६ करोड,आँखु खोला जलविद्युतले २३ करोड र नेसनल हाइड्रोपावरले १५ करोड मूल्य बराबरको सेयर कारोबार गरे।कारोबारमा आएकामध्ये ७७ वटा स्टक्सको मूल्य बढ्दा १९३ वटाको घट्यो। ७ वटा स्टकको मूल्य भने स्थिर रह्यो। यसदिन ट्रेडिङ समूहको उपसूचक सर्वाधिक २.६० अंकले घट्यो ।

# आज पुष्पलाल ...

...जनताका पक्षमा अधिकार स्थापित गर्ने लक्ष्यका साथ २००६ मा नेकपाको स्थापना कोलकाताको श्याम बजारमा पुष्पलाल, नरबहादुर कर्माचार्य, नीरञ्जनगोविन्द वैद्य, नारायणविलास जोशी, मोतीदेवी श्रेष्ठको सक्रियतामा भएको थियो । वि.सं. २०२५ मा पञ्चायती निरंकुशताको अन्त्यका लागि 'संयुक्त जनआन्दोलनको कार्यदिशा' अगाडि सार्ने पहिलो नेताका रूपमा पुष्पलाललाई मानिन्छ । नेपालका प्राय: सबै कम्युनिस्ट पार्टीले पुष्पलालप्रति श्रद्धा राख्ने गरेका छन् । व्यक्तिगत जीवनमा कठोर निर्वासित जीवन बिताउन, अभावैअभावमा बाँच्न र कष्टपूर्ण अवस्थामा मृत्युवरण गर्न परे पनि उनले राष्ट्र र जनताप्रतिको निष्ठालाई कहिल्यै कमजोर हुन दिएनन् ।

नेपाली काँग्रेस लगायत प्रजातान्त्रिक शक्तिसँग मिलेर संयुक्त जनान्दोलन गरी पञ्चायत व्यवस्था ढाल्नुपर्छ भन्नेमा पुष्पलाल सधैँ लागिरहे । अध्ययनशील नेताका रुपमा परिचित पुष्पलालसँग नेपालको वर्तमान स्थितिका बारेका कार्यदिशा दिने क्षमता रहेको थियो । उनले नेपालको गहिरो इतिहास अध्ययन गर्नाका साथै केही पुस्तक पनि प्रकाशन गरेका छन् । नेपालमा साम्यवादी विचारको प्रचार गर्नका लागि पहिलो पटक कम्युनिस्ट पार्टीको घोषणापत्रको नेपालीमा अनुवाद गरेका पुष्पलालको विसं २०३५ साउन ७ गते भारतको नयाँदिल्लीमा उपचारका क्रममा निधन भएको थियो ।

# बीपीको सम्झनामा ...

...उनका अनुसार नेपाल नेपाल ट्रेड कांग्रेस पाल्पाले संस्थापक सभापति गंगा भट्टराई र नागरिक ट्राफिक प्रहरी (कलकते दाइ) लाई सम्मान गरेको छ । वृक्षारोपण कार्यक्रममा स्थानीय जनप्रतिनिधि, राजनीतिक दलका नेता-कार्यकर्ता, सामाजिक अभियन्ता, शिक्षक, विद्यार्थी , पत्रकार तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो । जिल्ला सभापति हिमालदत्त श्रेष्ठको अध्यक्षता, कार्यक्रमका संयोजक तथा वडा सभापति मोहन कार्कीको स्वागत, सह-संयोजक पदम रानाको धन्यवाद ज्ञापन र पार्टी सचिव सुनिता अधिकारीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत

डस्प्लेमा

विज्ञापन

दिनुहोस्

व्यवसाय

बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्यूनिकेशन

प्रा.लि.

तानसेन, पाल्पा

०७५-५२१४६४, ५२१४६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई